नेपाल सरकार
गृह मन्त्रालय
(प्रहरी प्रधान कार्यालय, प्रहरी कल्याण कोष, नक्साल, काठमाडौं)

# Formed Police Unit, Sudan का लागि Major Equipment तथा Self-Sustainment तर्फका आवश्यक सामानहरू खरिद गर्नेवारे राष्ट्रियस्तरको वोलपत्रसम्वन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित भएको मिति : २०७५।०८।२७ गते।

ठेक्का नं. NPHQ/PWF/NCB/2075/76-01-FPU-S (1-2)

१ प्रहरी प्रधान कार्यालय, प्रहरी कल्याण कोषवाट FPU Sudan को लागि आवश्यक तपसिलमा उल्लेखित सामानहरू खरिद गर्नुपर्ने भएकोले योग्य वोलपत्रदाताहरूलाई सिलवन्दी वोलपत्र वा e-bidding (सि.नं. १ को लागि e-bidding मात्र र सि.नं. २ को लागि सिलवन्दी वोलपत्र वा e-bidding) मध्ये कुनै एक माध्यमवाट वोलपत्र पेस गर्नुहुन अनुरोध गरिन्छ।

## तपसिल

| सि.नं. | प्याकेज नं. | विवरण | वोलपत्र फाराम दस्तुर | वोलपत्रको मान्य अवधी | वोलपत्र जमानत रकम रु |
|---|---|---|---|---|---|
| १. | NPHQ/PWF/NCB/ 2075/76-01-FPU-S1 | MT (Vehicle) Spare Parts | ३,०००।- | ९० दिन | ४,६५,०००।- |
| २. | NPHQ/PWF/NCB/ 2075/76-01-FPU-S2 | Medicine and Medical Equipments | ३,०००।- | | १,३२,०००।- |

२. निवेदनसाथ मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व. २०७४।७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा आ.व. २०७४।७५ मा कर विवरण पेस गर्न म्याद थप गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गरी प्रहरी कल्याण कोष, नक्साल काठमाडौंबाट तोकिएको दस्तुर बुझाई मिति २०७५।०९।२७ गतेसम्म कार्यालय समयभित्र वोलपत्रसम्वन्धी कागजात खरिद गर्न सकिनेछ।

३. उल्लेखित वोलपत्रहरूको सन्दर्भमा e-bidding समेत गर्न सकिने प्रावधान मिलाइएको हुँदा सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल पोर्टल www.bolpatra.gov.np.egp मार्फत वोलपत्र पेस गर्न सकिनेछ।

४. वोलपत्र दस्तुर फिर्ता नहुने गरी राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टंगाल काठमाडौंमा रहेको प्रहरी कल्याण कोषको खाता नं. ११६००१६९८४१० मा नगदै जम्मा गरेको सक्कल भौचर पेस गरी वोलपत्र फाराम खरिद गर्न सकिनेछ। e-submission को हकमा उल्लेखित खातामा रकम जम्मा गरेको भौचरको Scanned Copy (pdf format मा) समावेस गर्नुपर्नेछ।

५. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टंगाल काठमाडौंमा प्रहरी कल्याण कोषको नाममा रहेको खाता नं. ११६००१६९८४१० मा उल्लेखित वोलपत्र जमानत रकम नगदै जम्मा गरेको सक्कलै भौचर वा सो रकम बरावरको मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कलै वोलपत्र जमानत पेस गर्नु पर्नेछ। e-submission को हकमा उल्लेखित जमानतको Scanned Copy (pdf format मा) समावेस गर्नुपर्नेछ।

६. सिलवन्दी वोलपत्रसम्बन्धी कागजात मिति २०७५।०९।२९ गते १२:०० बजेभित्र प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा दर्ता गरिसक्नु पर्नेछ र e-submission को हकमा समेत सोहि समयभित्र submit गरिसक्नुपर्नेछ।

७. सिलबन्दी गरी दर्ता गरेका वोलपत्र तथा e-bidding हरू मिति २०७५।०९।२९ गते १४:०० वजे आमन्त्रित सम्वन्धित वोलपत्रदाताहरू वा वारेस प्रतिनिधिहरू एवं वोलपत्र मूल्यांकन समितिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। वोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि वोलपत्र खोल्ने कार्यमा कुनै वाधा पर्नेछैन।

८. वोलपत्रसम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक बिदा परेमा सोसम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ।

९. वोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ।

१०. वोलपत्रसम्बन्धी अन्य कुनै कुरा बुझ्नुपरेमा यस कार्यालयको फोन नं. ०१४४११२८३, फ्याक्स: ०१४४१८५२० तथा ईमेल npwelfare@gmail.com मा समेत सम्पर्क गरी बुझ्न सकिनेछ।

यो सूचना नेपाल प्रहरीको website: www.nepalpolice.gov.np मा समेत हेर्न सकिनेछ।